# INTERNATIONAL COMMISSION OF JURISTS
## ASIA-PACIFIC REGIONAL OFFICE

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*



President
Justice Arthur CHASKALSON, South Africa

Vice-Presidents
Dr. Rajeev DHAVAN, India
Justice John DOWD, Australia

Executive Committee
Prof. Vojin DIMITRIJEVIC, Serbia
Justice Unity DOW, Botswana
Dr. Gustavo GALLÓN GIRALDO, Colombia
Mr Stellan GÄRDE, Sweden
Prof. Robert GOLDMAN, United States
Dr. Pedro NIKKEN, Venezuela
Justice Michèle RIVET, Canada
Mr Raji SOURANI, Palestine
Prof. Leila ZERROUGUI, Algeria

Other Commission Members
Mr. Muhand AL-HASSANI, Syria
Mr. Ghanim ALNAJJAR, Kuwait
Mr Raja AZIZ ADDRUSE, Malaysia
Prof. Abdullahi AN-NA'IM, Sudan
Justice Solomy BALUNGI BOSSA, Uganda
Mr. Abdelaziz BENZAKOUR, Morocco
Justice Ian BINNIE, Canada
Prof. Alexander BRÖSTL, Slovakia
Prof. Santiago CORCUERA, Mexico
Ms Vera DUARTE, Cape-Verde
Prof. Louise DOSWALD-BECK, Switzerland
Justice Hisham EL BASTAWISSI, Egypt
Prof. Paula ESCARAMEIA, Portugal
Justice Elisabeth EVATT, Australia
Prof. Jochen FROWEIN, Germany
Mr. Roberto GARRETÓN, Chile
Prof. Jenny E. GOLDSCHMIDT, Netherlands
Ms Asma JAHANGIR, Pakistan
Ms Imrana JALAL, Fiji
Prof. David KRETZMER, Israel
Prof. Kazimierz Maria LANKOSZ, Poland
Justice José Antonio MARTÍN PALLÍN, Spain
Mr Kathurima M'INOTI, Kenya
Justice Sanji MONAGENG, Botswana
Ms Karinna MOSKALENKO, Russia
Prof. Iulia MOTOC, Romania
Prof. Vitit MUNTABHORN, Thailand
Prof. Manfred NOWAK, Austria
Dr. Jorge Eduardo PAN CRUZ, Uruguay
Prof. Andrei RICHTER, Russia
Dr. Mary ROBINSON, Ireland
Sir Nigel RODLEY, United Kingdom
Mr Claes SANDGREN, Sweden
Mr. Belisario dos SANTOS JUNIOR, Brazil
Justice Philippe TEXIER, France
Prof. Daniel THÜRER, Switzerland
Prof. U. Oji UMOZURIKE, Nigeria
Prof. Vilenas VADAPALAS, Lithuania
Prof. Yozo YOKOTA, Japan
Justice E. Raúl ZAFFARONI, Argentina


२४ नोभेम्बर २००८

सम्माननीय अध्यक्ष, सुभाषचन्द्र नेम्वाङ्गज्यू,
संविधान सभा
सिंहदरबार, काठमाडौं, नेपाल ।

सम्माननीय श्री नेम्वाङ्ग ज्यू,

नेपाल सरकारद्वारा "बेपत्ता पार्ने कार्य (अपराध र सजाय) ऐन, २०६५ सम्बन्धी विधेयक" संसद्मा प्रस्तुत भएको कुरा इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आईसीजे) को जानकारीमा आएको छ । बेपत्ता पार्ने कार्य सम्बन्धी विधेयकले बलपूर्वक बेपत्ता पार्ने कार्यसँग सम्बद्ध व्यवहारलाई अपराधीकरण गर्ने र १ फाल्गुण २०५२ देखि ५ मंसीर २०६४ सम्म चलेको सशस्त्र द्वन्द्वको अवधिमा घटेका बलपूर्वक बेपत्ता पारिएका घटनाको सम्बोधन गर्नका लागि एक छानबिन आयोगको गठन गर्ने मनसाय लिएको देखिन्छ ।

बलपूर्वक बेपत्ता पार्ने कार्यसँग सम्बद्ध अभ्यासलाई अपराधीकरण गर्ने, विगतमा घटेका घटनाको अनुसन्धान गर्ने, पीडक विरूद्ध अभियोजन गर्ने र पीडितलाई परिपूरण प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारको यस प्रयासको आईसीजे स्वागत गर्दछ । बैशाख २०६४ मा अन्तरिम व्यवस्थापिका-संसदमा प्रस्तुत गरिएको विधेयकको तुलनामा प्रस्तुत विधेयकमा गरिएको महत्त्वपूर्ण सुधार, उदाहरणका लागि, विगतका घटनाहरूको छानबिनका साथै गैर-राज्य पक्षद्वारा घटाईएका घटनाको समेत सम्बोधन गर्ने कुरालाई आईसीजे विशेषतः स्वागत गर्दछ । तर, विधेयकमा रहेका केही निश्चित प्रावधानहरु अन्तर्राष्ट्रिय कानुनद्वारा नेपाल उपर सृजित दायित्व र सर्वोच्च अदालतको मिति २०६४/२/१८ को फैसलासँग मेल नखाने भएकाले उक्त कुरामा आईसीजे चासो व्यक्त गर्न चाहन्छ ।

सशस्त्र द्वन्द्वका दौरान घटेका बलपूर्वक बेपत्ता पार्ने कार्यसँग सम्बद्ध योजनावद्ध अभ्यासलाई सम्बोधन गर्न नेपालको कानुनी संरचना अपर्याप्त रहेको निष्कर्ष निकाल्दै बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न र एक सक्षम, प्रभावकारी, निष्पक्ष र स्वतन्त्र छानबिन आयोगको गठनको सुनिश्चितताको लागि नेपाल सरकारले नयाँ ऐनको तर्जूमा गर्नुपर्ने कुरातर्फ सर्वोच्च अदालतको मिति २०६४/२/१८ को फैसलाले निर्देशित गरेको छ । सर्वोच्च अदालतको उक्त आदेशले बलपूर्वक बेपत्ता पार्ने कार्यको सम्बोधनका लागि तर्जूमा गरिने संयन्त्रगत व्यवस्था "संयुक्त राष्ट्रसंघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, बलपूर्वक बेपत्ता पारिने कार्यबाट सबै व्यक्तिलाई संरक्षण गर्ने


31 Phayathai Building, Room 918, Phayathai Building, Rajathevi Bangkok 10400 Bangkok
Tel: +662 246 1800 – Fax: +662 245 3941 – Website: http://www.icj.org - E-mail: info@icj.org

सम्बन्धी घोषणापत्र, १९९२ र बलपूर्वक बेपत्ता पारिने कार्यबाट सबै व्यक्तिलाई संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धि, २००६ (बेपत्ता विरूद्धको महासन्धी)" मा उल्लेखित अन्तर्राष्ट्रिय मापदण्डको अनुकुल रहेको हुनुपर्ने सम्बन्धमा पनि निर्देशित गरेको छ ।

विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकुलको बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्ने क्रममा आईसीजे विशेषतः बेपत्ता विरूद्धको महासन्धिमा रहेका प्रावधानको सन्दर्भ उल्लेख गर्न चाहन्छ । सर्वोच्च अदालतले आफ्नो महत्त्वपूर्ण फैसलामा "बेपत्ता विरूद्धको महासन्धि अहिलेसम्म लागू नभएको र नेपालले हालसम्म अनुमोदन नगरेको ... भए तापनि महासन्धिमा रहेका प्रावधानहरुलाई निर्देशक सिद्धान्तका रूपमा ग्रहण गर्न कुनै पनि किसिमको बाधा नपर्ने" भनि उल्लेख गरेको देखिन्छ ।

बलपूर्वक बेपत्ता पार्ने सम्बन्धको व्यवस्थित अभ्यास नेपालको पछिल्लो इतिहासमा अध्यारो पक्ष बनेको देखिन्छ । कानुनको शासन र मानव अधिकारको सम्मानमा आधारित न्यायपूर्ण सोच एक शान्त र लोकतान्त्रिक राष्ट्र निर्माणको लागि आवश्यक ठानिन्छ । तसर्थ, आईसीजे बेपत्ता सम्बन्धी विधेयकमा निम्न बमोजिम प्रस्तुत गरिएका सिफारिश अनुकुलको संशोधन गरी पारित गर्न संविधान सभाका माननीय सभासद्ज्यूहरुलाई आग्रह गर्दछ ।

## १. बलपूर्वक बेपत्ता पार्ने कार्यको परिभाषा

विधयेकको दफा २ (क) मा रहेको 'बेपत्ता पार्ने कार्य' को परिभाषा बेपत्ता विरूद्धको महासन्धिको धारा २ को बलपूर्वक बेपत्ता पार्ने कार्यको बृहत परिभाषासँग मेल खाँदैन । महासन्धि अनुसार बलपूर्वक बेपत्ता पार्ने कार्य अन्तर्गत निम्न तीन तत्त्व सामेल रहेको हुन्छ ।

१) जुनसुकै प्रकारको स्वतन्त्रताको हरण,
२) स्वतन्त्रता हरणको जानकारी नदिईनु, अथवा बेपत्ता पारिएका व्यक्तिको अवस्थाका बारेमा सूचना नदिईनु, र
३) बेपत्ता पारिएका व्यक्तिलाई कानुनको संरक्षण तथा सबै प्रकारका संरक्षित अधिकार भन्दा बाहिर राखिनु ।

विधेयकले, उदाहरणका लागि, पक्राउ वा अनुसन्धान वा कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएको "कानुन बमोजिम अधिकार प्राप्त" व्यक्तिबाट भएको बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मात्र समेटेको देखिन्छ । जबकि बेपत्ता विरूद्धको महासन्धिले राज्यका *सबै* निकायलाई मात्र समेट्ने नभै "राज्यद्वारा मान्यता प्रदान गरिएका, समर्थन प्राप्त अथवा सरोकार निहित" सबै व्यक्ति अथवा समूह समेतलाई समावेश गरेको छ । यसका अतिरिक्त, विधेयकले स्वतन्त्रता हरणको जानकारी नदिईने कुरालाई अपराधको एक तत्त्वको रूपमा स्पष्ट रूपमा उल्लेख गरेको देखिदैंन ।

**बलपूर्वक बेपत्ता पार्ने कार्यको परिभाषाले बेपत्ता सम्बन्धी महासन्धिको धारा २ मा समाविष्ट तत्त्वहरुलाई प्रतिविम्बित गर्नुपर्दछ भन्ने सम्बन्धमा आईसीजे सुझाव प्रस्तुत गर्न चाहन्छ ।**

## २. मानवता विरूद्धको अपराध

बलपूर्वक बेपत्ता पार्ने व्यापक र योजनावद्ध व्यवहार अन्तर्राष्ट्रिय कानुनका साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतले अधिकार क्षेत्र ग्रहण गर्न सक्ने गरि अन्तर्राष्ट्रिय ट्रिबुनल सम्बन्धी विधानहरुमा व्यवस्था गरिए बमोजिम 'मानवता विरूद्धको अपराध' भएको कुरालाई विधेयकले आत्मसात गर्न सकेको देखिदैंन ।

अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी विधान (रोम विधान) को धारा ७ अनुसार व्यक्तिलाई जर्बजस्ती बेपत्ता पारिने कार्य त्यस बखत 'मानवता विरूद्धको अपराध' ठहरिन्छ जब त्यस्तो कार्य "नागरिक समुदायका विरुद्ध जानाजान लक्षित व्यापक र योजनाबद्ध क्रियाकलापको एक अंशको रूपमा रहेको हुन्छ। ।" बेपत्ता विरूद्धको महासन्धिको धारा ५ ले यस मापदण्डलाई पुर्नपरिभाषित गर्दै बलपूर्वक बेपत्ता पारिने कार्य मानवता विरुद्धको अपराध ठहरिएको खण्डमा त्यस्तो कार्यले अन्तर्राष्ट्रिय कानुनद्वारा व्यवस्थित परिणामहरू निम्त्याउँदछ भनि उल्लेख गरेको छ ।

सशस्त्र द्वन्द्वकालमा घटेका बलपूर्वक बेपत्ता सम्बन्धी घटनाहरूको गाम्भीर्यतालाई मध्यनजर गर्दा मानवता विरुद्धको अपराधलाई समेट्ने गरि विधेयकमा प्रावधान नरहनु अत्युक्तिपूर्ण छ ।

**आईसीजे अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम मानवता विरुद्धको अपराध सम्बन्धमा विधेयकमा प्रावधान राखिनुपर्ने कुराका लागि सुझाव प्रस्तुत गर्दछ ।**

## ३. माथिल्लो दर्जाका अधिकारीहरुको दायित्व

विधेयकको दफा ४ (३) ले केवल बलपूर्वक बेपत्ता पार्ने कार्यका लागि निर्देशन दिने वा आदेश गर्ने व्यक्तिलाई मात्र जवाफदेही बनाउने गरि आदेशात्मक दायित्व (Command Responsibility) सम्बन्धमा अत्यन्त साँघुरो व्याख्या गरेको देखिन्छ । यसको ठीक विपरित, बेपत्ता विरुद्धको महासन्धिको धारा ६ ले माथिल्लो दर्जाका अधिकारीहरु निम्न अवस्थामा अपराधका निमित्त दोषी ठहरिन्छन् ।

(क) आफ्ना मातहतका व्यक्तिले सो अपराध गरिरहेका छन् वा गर्न लागेका छन् भन्ने कुराको सूचना थाहा भएको भएमा वा सो कुरालाई जानीजानी उपेक्षा गरेको भएमा,

(ख) सो अपराध गर्नेहरूउपर प्रभावकारी उत्तरदायित्व, नियन्त्रण वा अनुशासन कायम गरेको भएमा,

(ग) निजको पदीय अधिकारको आधारमा आफ्नो मातहतका व्यक्तिहरूको क्रियाकलापबारे जानकारी पाउनुपर्ने भएमा, वा

(घ) अपराधको रोकथामका लागि सबै आवश्यक र उचित कदमहरू चाल्नमा वा सो कुरालाई अनुसन्धान एवं अभियोजनका लागि प्रस्तुत गर्नका लागि असफल भएको अवस्थामा ।

**आईसीजे दफा ४(३) लाई बेपत्ता विरुद्धको महासन्धिको धारा ६ अनुकुल हुने गरि संशोधन गर्न सुझाव प्रस्तुत गर्दछ ।**

## ४. माथिल्लो आदेशको पालना

विधेयकको दफा ४ (२) ले व्यक्तिलाई पक्राउ गर्ने, हिरासतमा राख्ने, वा नियन्त्रणमा लिने र बेपत्ता पार्न आदेश दिने व्यक्तिलाई 'मुख्य अभियुक्त' का रूपमा हेरिने गरि व्यवस्था गरेको छ । माथिल्लो आदेशको पालना गर्ने नाउँमा मातहतका व्यक्तिहरुलाई उत्तरदायित्व वहन गर्नबाट जोगाउन यो प्रावधानको बरोबर प्रयोग हुनसक्ने आशंका रहन्छ । त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिहरुलाई "मुख्य अभियुक्त" को आदेशको पालना गरिएको हो भनि आपराधिक दायित्व छल्ने गरि प्रतिरक्षा गर्नबाट बञ्चित गर्ने किसिमको स्पष्ट प्रावधान विधेयकमा रहनु पर्दछ ।

**आईसीजे मातहतका व्यक्तिहरुले माथिल्लो आदेशको पालना गरेको बहानामा प्रतिरक्षा लिन नपाउने कुराको सुनिश्चितताको लागि दफा ४(२) मा सोही अनुसारको संशोधन गरिनुपर्ने कुरामा सुझाव प्रस्तुत गर्दछ ।**

**५. निरन्तर उल्लंघन र हदम्याद**

पीडितको अवस्थाका बारेमा टुङ्गो नलागेसम्म र घटनाको समाधान नभएसम्म उल्लंघनको निरन्तरता रहने कुरा बलपूर्वक बेपत्ता बनाउने कार्यको अर्न्तनिहित विशेषता हो । बेपत्ता विरुद्धको महासन्धिको धारा ८ ले उल्लंघनको निरन्तरताको प्रकृति सम्बन्धमा स्पष्ट रूपमा व्यवस्था गरेको छ । सर्वोच्च अदालतले पनि आफ्नो फैसलामा "बेपत्ता पारिएको भनिएको व्यक्तिको अवस्थाको बारेमा ज्ञात नभएसम्म निरन्तर खोजीका सम्बन्धमा व्यवस्था गर्ने प्रावधान रहनु आवश्यक हुन्छ" भनेको छ । बेपत्ता पारिएका व्यक्तिको अवस्थाको बारेमा ज्ञात भएकै अवस्थामा पनि महासन्धिको धारा ८ (क) ले हदम्याद "लामो अवधिको हुनुपर्ने र अपराधको उच्चतम गाम्भीर्यताको समानुपातिक" हुनुपर्ने भनि उल्लेख गरेको छ ।

उल्लंघनको निरन्तरतालाई आत्मसात गर्न नसक्नु तथा बेपत्ता बनाइएको भन्ने थाहा पाएको वा सार्वजनिक गरिएको मितिले छ महिनाको मात्र हदम्याद तोकिनुले विधेयकको दफा २६ (२) समस्याग्रस्त रहेको पुष्टि गर्दछ । त्रासको वातावरण र गम्भीर उल्लंघनका सम्बन्धमा कानुन कार्यान्वयन गर्ने अधिकारी समक्ष जाहेरी गर्ने व्यक्तिको अनिच्छाका कारण यो अवधि अत्यन्त छोटो अवधि हो ।

**विधेयकले बलपूर्वक बेपत्ता सम्बन्धमा निरन्तरताको प्रकृतिलाई आत्मसात गर्नुपर्ने र दफा २६ (२) लाई अपराधको गाम्भीर्यताको समानुपातिक हुनेगरि हदम्यादको अवधि बढाउन संशोधन गरिनुपर्ने सम्बन्धमा आईसीजे सुझाव प्रस्तुत गर्दछ ।**

**६. दण्डसजाय**

दण्डसजायको निर्धारण अपराधको समानुपातिक हुनुपर्ने कुरा कानुनको साशनमा आधारित न्याय प्रणालीको एक आवश्यक तत्त्वको रूपमा रहेको हुन्छ । जब योजनावद्ध नीतिकै रूपमा बलपूर्वक बेपत्ता पार्ने कार्य लागू गरिन्छन् तब ती जघन्य अपराध ठहर्दछन् । त्यसैले बेपत्ता विरुद्धको महासन्धिको धारा ७ (१) ले "अपराधको उच्चतम गाम्भीर्यता" लाई सम्बोधन गर्ने किसिमको दण्डसजायको व्यवस्था गरेको छ । यसको ठीक विपरित विधेयकको दफा ६ ले बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी अपराधमा संलग्न व्यक्तिलाई पाँच वर्षसम्मको कैद र रू. १,००,००० सम्मको जरिवानाको व्यवस्था गरेको छ । विधेयकमा व्यवस्था गरिएको यो अधिकतम सजाय उल्लंघनको गाम्भीर्यताको समानुपातिक रहेको देखिदैंन ।

**नियतवश हत्या जस्तै उस्तै प्रकृतिका अपराधहरुका लागि गरिने दण्डसजायसँग समान हुने गरि अधिकतम दण्डसजायको सम्भावना खुला राखियोस् भनि आईसीजे सुझाव प्रस्तुत गर्न चाहन्छ ।**

**७. पीडितको परिभाषा**

विधेयकको दफा २ (ख) अन्तर्गत पीडितको परिभाषाभित्र बेपत्ता भएका व्यक्तिको परिवारका सदस्यहरु समावेश गरिएको छ । परिभाषाको यो विस्तार स्वागतयोग्य छ, तर यसलाई निषेधात्मक सूचीको रूपमा भने बुझिनु हुन्न । अन्तर्राष्ट्रिय कानुनले अपराधका पीडितको सूची अन्तर्गत केवल नजिकका नातेदारलाई मात्र समेट्ने नभै उल्लंघनको प्रत्यक्ष परिणामबाट असर पुगेको जो कोही व्यक्तिलाई पनि पीडित मानेको छ । महासन्धिको धारा २४ (१) अनुसार पीडित अन्तर्गत "बलपूर्वक बेपत्ताको परिणामबाट प्रत्यक्ष असर पुगेको जुनसुकै व्यक्ति" समावेश रहेको हुन्छ ।

**विधेयकको दफा २ (ख) महासन्धिको धारा २४ (१) सँग मिलान हुने गरि संशोधन गरिनु पर्दछ भन्ने आईसीजेको सुझाव रहेको छ ।**

33, rue des Bains, P.O. Box 91, CH-1211 Geneva 8, Switzerland
Tel: +41(0) 22 979 3800 – Fax: +41(0) 22 979 3801 – Website: http://www.icj.org - E-mail: info@icj.org

## ८. आयुक्तहरुको नियुक्ति

आयोगको सक्षमता, प्रभावकारीता, स्वतन्त्रता र निष्पक्षताको सुनिश्चितताको लागि गठन हुने आयोगमा दक्ष कहलिएका र मानव अधिकारको क्षेत्रमा अनुभवी व्यक्तिहरु सामेल रहेको हुनुपर्दछ । आयुक्तहरु उच्च नैतिक चरित्रवान हुनुका साथै उनीहरुमा मानव अधिकारप्रतिको प्रतिवद्धता समेत झल्किएको हुनुपर्दछ । नेपाली जनताको समर्थन प्राप्त गर्न आयोगमा नियुक्त हुने पदाधिकारीहरु सार्वजनिक परामर्शका माध्यमबाट पारदर्शी र सहभागीतामूलक प्रक्रियाबाट छनौट गरिएको हुनुपर्दछ । आयुक्तहरु छनौट गर्ने समितिमा सरकारका प्रतिनिधि, संविधान सभामा प्रतिनिधित्व गर्ने अन्य राजनैतिक दल, नागरिक समाज, मानव अधिकार रक्षक, पीडित समूह, राष्ट्रिय मानव अधिकार आयोग र पिछडिएका र जोखिममा रहेका समुदायहरु समेत सामेल रहेको हुनुपर्दछ ।

आयुक्तहरुको छनौटका सम्बन्धमा विधेयकले कुनै प्रकारको कार्यविधि अथवा मापदण्ड निर्धारण गरेको देखिदैंन, साथै सार्वजनिक सहभागीता सम्बन्धमा पनि कुनै किसिमको संयन्त्रको व्यवस्था गरिएको छैन । दफा १० (३) मा व्यवस्था गरिएको आयुक्तहरुको नियुक्तिका लागि सिफारिश गर्ने समितिमा केवल नेपाल सरकारका दुई मन्त्रीहरु र संविधान सभाका अध्यक्षलाई मात्र समावेश गरिएको छ । मानव अधिकारको योजनावद्ध उल्लंघनबाट नेपाल राज्यभरी नै असर पुगेका कयौं समूह र व्यक्ति विशेषको पीडालाई सम्बोधन गर्नका लागि गठन गरिने यस्तो महत्त्वपूर्ण नागरिक निकायमा सदस्यहरुको छनौटका लागि अवलम्बन गरिने यस किसिमको प्रक्रियालाई उपयुक्त प्रक्रिया मान्न सकिदैंन ।

**सक्षम, स्वतन्त्र र निष्पक्ष आयुक्तहरुको छनौट गरिने कुरालाई सुनिश्चित गर्न योग्यता सम्बन्धी मापदण्डको निर्धारणका साथै सरकार, विपक्षी दल, राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारमा काम गर्ने संगठनहरु र पीडित समूह जस्ता विभिन्न सरोकारवाला समूहहरुको सहभागिता सुनिश्चित गरि वृहत परामर्शकारी छनौट प्रक्रिया अवलम्बन गर्न विधेयकको दफा १० मा संशोधनका लागि आईसीजे सुझाव प्रस्तुत गर्दछ ।**

## ९. आयोगको सिफारिशको कार्यान्वयन

बेपत्ता सम्बन्धी आयोगका सिफारिशको प्रभावकारी अनुगमन र कार्यान्वयन हुन सकेको खण्डमा मात्र पीडित, निजका परिवार र नेपाली जनताप्रति न्याय सुनिश्चित गर्न सकिन्छ । तसर्थ, आयोगका सिफारिशहरुको कार्यान्वयन गर्न र विशेष गरि अभियोजनसँग सम्बद्ध कारवाही अघि बढाउन एक स्वतन्त्र, सक्षम र प्रभावकारी प्रक्रियाको विधेयकमा नै व्यवस्था गरिनु बाञ्छनिय रहेको छ ।

**आयोगद्वारा सिफारिश गरिएका मुद्दाहरुमा अभियोजन गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको भूमिकाको स्पष्ट उल्लेखन गर्ने साथै नेपाली सेनाका व्यक्तिहरु लगायत बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न भएका भनि अभियोग लागेका जोसुकै व्यक्तिउपर मुद्दा चलाउन नागरिक अदालत (सैनिक ट्रिबुनल वा विशेष अदालत बाहेक) लाई अधिकार क्षेत्र प्रदान गर्ने गरि आयोगका सिफारिशहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विधेयकको दफा २५ मा सोही अनुसारको संशोधनका लागि आईसीजे सुझाव प्रस्तुत गर्दछ ।**

नेपालको चालु राजनैतिक संक्रमण र कानुनी सुधारका निमित्त बेपत्ता विधेयक पारित गर्ने कुरा एक कोसेढुंगा साबित हुनेछ । यो एक यस्तो संभावित महत्त्वपूर्ण कदम हुनेछ जसले दण्डहीनताको संस्कृतिको अन्त्य गर्नेछ र समाज अझ बढी शान्त र लोकतान्त्रिकरणतर्फ रूपान्तरण हुनेछ । बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी विषयको प्रभावकारी सम्बोधनका लागि संविधान सभाको प्रतिबद्धता आईसीजेको जानकारीमा रहेको छ साथै यस्तो प्रतिबद्धताको आईसीजे स्वागत गर्न चाहन्छ । तर, विधेयकका केही प्रावधानहरु अपर्याप्त रहेकाले सो

उपर आईसीजे चासो व्यक्त गर्न चाहन्छ र प्रस्तावित कानुनलाई नेपालको अन्तर्राष्ट्रिय दायित्व र सर्वोच्च अदालतको फैसलासँग मेल हुने गरि आवश्यक संशोधन गरिनुपर्ने कुरामाथि विचार पुऱ्याउन संविधान सभालाई आग्रह गर्दछ ।

"ठूलो आशा र विश्वासका साथ लोकतान्त्रिकरणको दिशामा फड्को मारिरहेको वर्तमान राज्य पनि बेपत्ता पारिएका व्यक्तिहरुको सवालमा गम्भीर बन्न नसके जनआन्दोलन मार्फत् व्यक्त निहित उद्देश्यहरु समेत पुरा सक्दैनन्" भन्ने सर्वोच्च अदालतको ठम्याई रहेको छ ।

यो पत्र संविधान सभाका सम्पूर्ण माननीय सभासद्ज्यूहरुलाई वितरण गर्न सकिएमा आईसीजे आभार व्यक्त गर्न चाहन्छ साथै यी विषयहरु उपर हुने सम्माननीय अध्यक्ष र संविधान सभाका सभासदज्यूहरुसँगको छलफलको अवसरलाई आईसीजे स्वागत गर्दछ ।

**भवदीय,**

रोजर नरम्याण्ड
निर्देशक
एशिया-प्रशान्त कार्यक्रम

**बोधार्थ :** संविधान सभाका सबै माननीय सभासद्ज्यूहरु
महासचिव, संविधान सभा